**मिति २०७६ जेठ २९ गते बसेको ४४ औं कार्यपालिकाको बैठकमा पेश भएका प्रस्ताव तथा निर्णयहरु :**

**प्रस्तावहरु :**

१. विपद् व्यवस्थापन कोषमा रकम थप गर्ने सम्बन्धमा,
२. भ्रमण खर्चको लागि विनियोजित रकम सम्बन्धमा,
३. आन्तरिक राजस्वको ठेक्का सम्बन्धमा,

**निर्णयहरु :**

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७६/०२/२३ गतेको हावाहुरीबाट उत्पन्न विपद् व्यवस्थापन गर्न यस गोदावरी नगरपालिकाको विपद् कोषमा रु. एक करोड पचास लाख आन्तरिक कोष तर्फबाट जम्म गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७५/०७६ मा भ्रमणको लागि विनियोजित रकम रु. पाँच लाख विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६० र ६१ ले दिएको अधिकार प्रयोग गरी विगतमा झै र मिति २०७६/०२/२० गतेको राजश्व परामर्श समितिको सिफारिसका आधारमा देहाय बमोजिमका स्थानीय राजश्वका शिर्षहरुमा आ.व. २०७६/०७७ का लागि कर संकलन गर्न देहाय बमोजिमको न्यूनतम ठेक्का अंक कायम गरी र १५ (पन्ध्र) दिने सार्वजनिक सूचना जारी गरी ठेक्का मार्फत व्यवस्थापन गर्ने निर्णय गरियो । र उपरोक्त पार्किङ्ग शुल्क र कवाडी करको चालु आ.व. २०७५/०७६ को स्विकृत दरमा कुनै परिवर्तन नगरी आगामी आ.व. २०७६/०७७ का लागि दर कायम गर्ने निर्णय गरियो ।

| **क्र.सं.** | **ठेक्का मार्फत संकलन गर्नुपर्ने राजश्वको शिर्षक** | **आ.व. २०७६/०७७ का लागि न्यूनतम ठेक्का अंक** | **कैफियत** |
|---|---|---|---|
| १. | पार्किङ्ग शुल्क (अत्तरिया बसपार्कबाट) | ६,६००,०००/- (छैसठ्ठी लाख मात्र) | |
| २. | कवाडी कर | रु. ५५०,०००/- (पाच लाख पचास हजार मात्र) | |